


# बाल सरोकार

Child Concerned

नेपाली मासिक ई-पत्रिका

# सिविन-नेपालद्वारा प्रकाशित

वर्ष १, अंक २, मंसीर २०६३, काठमाण्डौं


## यस अंकमा......


१. सम्पादकीय

२. महिनाको मूल बिषय

३. सन्दर्भ:२० नोभेम्बर

४. समाचारमा बालबालिका

५. प्रश्नोत्तर

६. सफलताको कथा

७. भोगाइ

८. सिविन गतिविधिहरू

९. बालबालिका सम्बन्धी तथ्य......

१०. पुस्तक चर्चा

# बालअधिकारको संरक्षणमा संविधान सभा

जनताको स्वस्फूर्त सहभागितामा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनले देशमा नि:शर्त संविधानसभाको निर्वाचन घोषणा हुने वातावरण बनाएको छ । यसबारेमा प्रसस्त छलफल र बहस सुरु भइरहेका छन् । खासगरी संविधान सभाको पृष्ठभूमि, यसको गठन प्रक्रिया, यसमा समावेश हुने बिषयबस्तुमा अहिले सबैको चासो बढिरहेको छ । सामान्य अर्थमा भन्ने हो भने मूलत: संविधानसभा भनेको नयाँ संविधान निर्माण गर्ने एउटा लोकतान्त्रिक विधि वा प्रक्रिया नै हो । यद्यपि, संविधानसभाको माध्यमबाट निर्माण गरिने संविधानमा व्यक्त हुने जनताको इच्छा आकांक्षा, उनीहरुको संलग्नता वा स्वामित्व र सर्वोच्चता आदिका कारण पनि यसको महत्व झनै बढी भएको बताइन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने, वि.सं.२००४ र प्रमुख रुपमा २००७ सालदेखि उठ्दै आएको संविधानसभाको प्रसङ्ग अहिले फेरि मुलुकका लागि प्रमुख मुद्दा बनेको छ । विगत लामो समयदेखि विद्रोह गर्दै आएको नेकपा (माओवादी) र संसदवादी राजनीतिक दलहरु समेत अहिले यो मुद्दामा सहमत देखिएका छन् । यस अवस्थामा बालअधिकारको संरक्षणको बिषय त झन् अलग हुनु हुँदैन ।

देशको सुन्दर भविष्यको लागि हरेक बालबालिकाहरुले आजैदेखि सुरक्षित र सम्मानित अवस्थामा हुर्कन पाउनुपर्दछ । सुरक्षित वातावरणमा आफ्नो बालापनको उपभोग गर्दै हुर्कन र आफ्नो विकास गर्न पाउनु उनीहरुको आधारभूत अधिकार हो । यी अधिकारका बिषयलाई राज्यको संविधानमा नै स्पष्ट रुपमा व्यवस्था हुनुपर्दछ । आज हाम्रो देशमा निश्चल, निर्दोष, कोमल बालबालिकाहरु खाने, बस्ने, सुरक्षित वातावरणमा विकास गर्ने जस्ता आधारभूत अधिकारबाट वञ्चित रहेका छन् । राज्यले संविधानमा बालबालिकका लागि केही अधिकारहरुको प्रत्याभूत त गरेका छ । यद्यपि, संविधानले व्यवस्था गरेका कतिपय अधिकाहरुको व्यवहारिक कार्यान्वयन भने फितलो सावित भएको छ ।

नेपालमा २०४७ सालमा निर्माण भएको संविधानमा प्रसस्त त्रुटी भएको भन्दै विगत १० वर्षदेखि एउटा राजनीतिक पार्टीले देशमा विद्रोह गऱ्यो । त्यो विद्रोहलाई समयमै सम्बोधन गर्न नसक्दा देशलाई अत्यन्त भयाभह स्थितिमा पुऱ्यायो । अहिले पनि ती बालबालिकाहरुको बिषयबस्तुलाई यदि अब बन्ने संविधानमा पनि स्पष्ट रुपमा समावेश गर्न सकिएन भने त्यसले पुन: संकट निम्त्याउन सक्दछ । त्यसैले संविधान निर्माण गर्ने कार्यमा बालबालिकाको पनि संलग्नता हुनुपर्दछ । त्यसको अर्थ उनीहरु प्रत्यक्ष रुपमा सहभागी हुन पर्दछ भन्ने होइन । उनीहरुका बिषयबस्तुलाई राम्ररी बुझेका वयस्क प्रतिनिधिको संलग्नता अपरिहार्य नै हो ।

❒



**सन्दर्भ : अन्तर्राष्ट्रिय बालअधिकार दिवस,** (२० नोभेम्बर)

## लोकतन्त्रको आलोकमा सम्पूर्ण बालबालिकाले सामाजिक सुरक्षा पाऊन् ।

**गौरी प्रधान**
**अध्यक्ष**
**सिविन-नेपाल**

# २० नोभेम्बर

## सन्दर्भ : अन्तर्राष्ट्रिय बालअधिकार दिवस

बालबालिकाको संरक्षणका र उनीहरुको लागि विशेष हेरचाह र सुविधा उपलब्ध गराउनुपर्छ भन्ने अवधारणाको विकास मानव सभ्यताको विकास सँगसँगै भएको पाइन्छ । बालबालिकालाई विशिष्ट रुपमा हेरिने र उनीहरुको लागि परोपकारिता वा दयाको रुपमा भएपनि विभिन्न व्यक्ति वा निकायको तर्फबाट अनाथ, असाहय, र परित्यक्त बालबालिकाको लागि आवश्यक सेवा र सुविधा उपलब्ध गराउने परम्पराको थालनी पनि धेरै पहिलेदेखि भएको पाइन्छ । धर्मपुत्रको नाममा, दान र दयाको भावनाले जे जसरी भए पनि टुहुरा तथा अनाथ बालबालिकाको लागि कार्यक्रमहरु विश्वमा नै र नेपालमा पनि परोपकारी संस्थाको नामबाट त्यस्ता बालबालिकाको संरक्षण गर्न थालिएको देखिन्छ ।

बालबालिकाको बिषयलाई परोपकारी र दयाको आधारमा मात्र हेरिनुले बालबालिकाको विकास र भविश्यका सुनिश्चितता नहुने । यसैगरी विश्वमा बढ्दै गरेको आन्तरिक कलह र सशस्त्र द्वन्द्व राज्य राज्यबीचको कलह आदिमा बालबालिकाको कुनै पनि भूमिका र दोष नहुने भएता पनि त्यसको प्रत्यक्ष प्रभाव र असरको शिकार सदैव बालबालिका नै हुने । साथै दैविक विपत्ति जस्ता पीडाबाट पनि बालबालिकालाई नै बढी पीडित हुने गर्दछन् बाल्यकाल जीवनको विकासको पूर्व सन्ध्या मात्र नभएर विकासको महत्वपूर्ण पक्ष हो । बाल्यकालको संरक्षण विकास र जीवनको भोगाइले नै बालक स्वयं, समाज, राष्ट्र र विश्वको भविष्य निर्धारण हुने भएकोले बालबालिकाको संरक्षणको लागि विशेष व्यवस्था गरी अन्तर्राष्ट्रिय कानुन निर्माण गरिनुपर्ने महसुस गरी सन् १९२३-२४ बाट बालअधिकारको बिषयमा चर्चा र सुरु भयो । सोही समयदेखि नै विभिन्न राष्ट्रहरुले यसलाई आत्मासाथ गरी बालअधिकारको कुरालाई अगाडि सारे ।

संयुक्त राष्ट्रसंघको स्थापनासँगै सन् १९४८मा मानव अधिकार घोषणापत्र पारित गऱ्यो । यसरी समग्र मानव अधिकारको बिषयले बालअधिकारको पक्षलाई समेटन नसक्ने भएकोले २० नोभेम्बर सन् १९५९ मा संयुक्त राष्ट्रसंघ महासभाले १० बुँदे “बालअधिकार सम्बन्धी विश्व घोषण-पत्र” तयार गऱ्यो । यसलाई कानुनी रुपमा अगाडि ल्याउन पोली सरकारले अगाडि सारेको बालअधिकार सम्बन्धि प्रस्तावलाई संयुक्तराष्ट्रसंघले सन १९७९ मा अन्तिम रुप दिन मस्यौदापत्र तयार गर्ने कार्यदल गठन गऱ्यो । यसमाथि कार्यदलको सक्रिय पहल र विश्वभरिबाट भएको सुझाव सल्लाहको आधारमा सन् १९८९ “बालअधिकार सम्बन्धी महासन्धि”लाई संयुक्त राष्ट्रसंघले २० नोभेम्बरमा अनुमोदन गऱ्यो । यसरी बालअधिकार सम्बन्धी महसन्धि अनुमोदन गरेका दिन २० नोभेम्बरलाई अन्तर्राष्ट्रिय बालअधिकार दिवसको रुपमा विश्वले मनाउन सुरु गरेको केही वर्ष बितिसकोको छ । विश्वका धेरै देशले छोटो समयमा अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानुन दस्तावेज पनि हो यो । यो बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय कानुन बालबालिकाको लागि बन्ने हरेक नीति नियम र योजना जस्ता बिषयमा हरेक राष्ट्र र विश्वको लागिनै कानुनको रुपमा मात्र नभई मार्गनिर्देशनको रुपमा रहँदै आएको छ । संयुक्त राष्ट्रसंघले विश्वसामु प्रस्तुत गरेका अन्य अन्तर्राष्ट्रिय कानुन भन्दा यसको छुट्टै पहिचान र अस्तित्व रहेको छ । विश्वभरिका बालबालिकाहरुलाई विशेष अधिकारको व्यवस्था गर्ने र त्यसलाई कार्यान्वय गराउन महत्वपूर्ण रहेको २० नोभेम्बर नै विश्वका बालबालिका र बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने सबै पक्षको लागि अत्यन्त महत्वपूर्ण दिनका रुपमा आएकोले यसै दिनलाई विश्व बालअधिकार दिवसको रुपमा मनाउन थालिएको हो ।

सम्पूर्ण बालबालिकाले आफ्नो अधिकार स्वत प्रप्त गर्नका लागि राज्यपक्ष, परिवार, अन्तर्राष्ट्रिय सरोकारवाला पक्ष र सम्पूर्ण वयस्कहरुको विशेष जिम्मेबारीतालाई यसले स्पष्टसँग व्याख्या गरेको छ । *प्रस्तुती : शुभराज आत्रेय*

*सन्दर्भ*

# बालअधिकार सम्बन्धी अवधारणाको विकासक्रम

- प्रथम विश्वयुद्धले गरेको धनजनको क्षतिले थुप्रै बालबालिकाहरुको विचल्ली गरायो र बालअधिकारको आवश्यकता महसुस भयो ।

- सन् १९२३ मा सर्वप्रथम एगलैण्टाइन जेवले बालअधिकारको माग गरिन् ।

*“म विश्वस्त छु कि, हामीले बालबालिकाहरुको लागि केही अधिकारकाहरुको माग गर्नपर्छ र ती अधिकारहरुलाई विश्वभरि सबैबाट मान्यता प्रदान गराउनको लागि खटेर प्रयास गर्नुपर्छ ।”*

**- एजलैण्टाइन जेव**
बाल बचाउ संस्थाकी संस्थापिका तथा
बालअधिकार अवधारणाकी जन्मदात्री

- सन् १९२३ को बालअधिकार सम्बन्धी अवधारणा - १९८९ सम्म आइपुग्दा महासन्धिमा परिणत भयो ।

## बालअधिकार सम्बन्धी महासन्धि- १९८९

**स्वरुप :**
महासन्धिमा जम्मा ५४ वटा धाराहरु रहेका छन् ।

धारा १-४० - बालअधिकारको व्यवस्था

धारा ४१ - राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनले बढी अधिकार दिएको भए सोही लागू हुने व्यवस्था ।

धारा ४२- बालअधिकार महासन्धिको राज्यले प्रचार-प्रसार गर्नुपर्ने दायित्व

धारा ४३-५४- महासन्धिको कार्यान्वयन तथा तत् सम्बन्धी प्रतिवेदन, मूल्याङ्कन, अनुगमन आदिको व्यवस्था ।

नेपालले महासन्धिलाई अनुमोदन गरेको मिति १४ सेप्टेम्बर, १९९०
नेपालका लागि महासन्धि लागू भएको मिति १४ अक्टुबर,१९९०

*सन्दर्भ : अन्तर्राष्ट्रिय बालअधिकार दिवस* (२० नोभेम्बर)
***बालबालिकालाई लिङ्ग, वर्ण, आर्थिक,जातजाति र पेशाको अधारमा भेदभाव नगरौं ।***

# बेबारिसे विस्फोटक पदार्थका कारण अझै बालबालिका प्रभावित

इलामको चिलिङदिन गाउँमा भदौ २, २०६३ गते धर्मेन्द्र आङडम्बेका विहान आफ्नै बारीमा घाँस काट्दै गर्दा ग्रिनेड पड्किएर हातका औंला र अनुहारभरि चोट लाग्यो । कालिकोट कायाघाटको १३ वर्षीय नेत्रप्रसाद राई बारीमा रहेको ग्रिनेट खेलौना सम्झी खेलौदा गम्भीर घाइते भएका छन् । नेकपा माओवादीले २०६२ चैत्र १९ गते दैलेख जिल्ला सदरमुकाममा एसएलसीको परीक्षा चलिरहेको समयमा विद्यालय क्षेत्रभित्र बम विस्फोटन गराउँदा १ सय ११ जना परीक्षार्थी र शिक्षकहरु घाइते भएका थिए । इलाम, कालिकोट र दैलेखका घटना प्रतिनिधिमूलक मात्र हुन् । यस्ता धेरै बम तथा बिस्फोटक पदार्थ बेबारिसे अवस्थामा छाडिएक घटनाहरु प्रसस्त रहेका छन् । निश्चय पनि युद्धका क्रममा छाडिएका यस्ता बम तथा बारुद्धको दीर्घकालीन असर मानवसमुदायमा परिरहेका छन् । जुन मानवअधिकारको विश्व व्यापी सिद्धान्त विपरित हो । यस्ता वेवारिसे बिस्फोटनबाट ११ वर्षमा निर्दोष १ सय ८७ जना बालबालिकाको मृत्यु भइसकेको छ भने यसको दोब्बर भन्दा बढी बालबालिकाहरु घाइते तथा अपाङ्ग भएको तथ्याङ्क सिविनले सार्वजनिक गरेको छ ।

१२ वर्षे जनयुद्धबाट हालसम्म १ सय ३५ बालिका सहित ४ सय ७० जना निर्दोष बालबालिकाको मृत्यु भइसकेको छ भने ५ सय ५५ जना गम्भीर घाइते बन्न पुगेका छन् । विद्यालय र बालबालिकालाई शान्ति क्षेत्र मान्ने सरकार तथा माओवादीका तर्फबाट विद्यालयलाई युद्धभूमिको रुपमा प्रयोग भएका छन् । युद्व विरामको यो अवस्थामा हालसम्म पनि विद्यालयहरुमा सुरक्षाकर्मीको सेन्ट्री नहटेको तथा माओवादीले पनि विद्यालयलाई तालिम केन्द्रका रुपमा प्रयोग गरेको कतिपय उदाहरणहरु विद्यमान रहेको छ ।

द्वन्द्वको समयमा सशस्त्र द्वन्द्वरत पक्षले विभिन्न ठाउँमा प्रयोग गरेका अनगिन्ती बारुदी सुरुङ तथा विस्फोटक पदार्थले त्यसको अत्यन्त नकारात्मक प्रभाव पार्दछ । यसरी हेर्दा राज्य र विद्रोही दुवैले अन्तर्राष्ट्रिय नियमलाई पालना गरेको देखिँदैन । युद्धको समयमा त्यसलाई व्यवस्थित गर्न नसेकेता पनि युद्धविरामको अवधिमा द्वन्द्वरत दुवै पक्षले विस्फोटक पदार्थ प्रयोग भएका छोडिएका विछ्याइएका क्षेत्रमा त्यसको सिमाङ्कन गरी सर्वसाधारणलाई सचेत गराउनु र निष्क्रिय गराउन पहल गरिनुपर्ने होइन र ? अहिले युद्धविरामको समयमा पनि विभिन्न ठाउँमा छोडिएका घरेलु तथा अन्य विस्फोटक पदार्थबाट दिनहुँ बालबालिकाले अनाहकमा ज्यान गुमाइरहेका छन् । विशेष गरी विगतमा सरकार र माओवादीको युद्ध ग्रामीण क्षेत्रमा बढी भएका कारण भिडन्त भएका सार्वजनिक ठाउँहरु, बारी र जंगलहरुमा अलपत्र अवस्थामा छाडिएका वा विस्फोटन नभएका विस्फोटक पदार्थलाई सरकार र माओवादीका तर्फबाट विशेष चासोका साथ निष्क्रिय वा अन्य उपायद्वारा हटाउन ढिला गर्नु हुँदैन । विशेष गरी ग्रामीण क्षेत्रमा नयाँ राज्य संचालन गरिरहेको बताउने माओवादीहरुले आफूले बनाएका घरेलु विस्फोटक पर्दाथ र अलपत्र अवस्थामा छाडिएका विस्फोटक पदार्थ तत्काल व्यवस्थापन गर्नुपर्दछ । घरेलु विस्फोटक पदार्थ बम हो भन्ने नलाग्ने माटोमा सहजै मिल्ने युद्धको अवधिमा विस्फोटन गराउँदा पनि ५० प्रतिशत भन्दा बढी विस्फोटन नहुने र सो कुनै पनि बेला बिस्फोटन हुन सक्ने खतरा रहेको यस क्षेत्रका विशेषज्ञ बताउँछन् ।

वर्तमान शान्तिवार्ताको समयमा हतियार व्यवस्थापनको प्रसङ्ग उठिरहेको बेला बेबारिसे अवस्थामा छाडिएका यस्ता बिस्फोटक पदार्थलाई पनि कसरी व्यवस्थापन गर्न सकिन्छ ? त्यस बारेमा पनि सबैको ध्यान जानु जरुरी छ ।

## प्रश्नोत्तर :

### प्रश्नः बालबालिकाको जन्मदर्ता गर्दा के फाइदा हुन सक्छ ?

– सन्तोषी प्रिया
नैकाप, काठमाण्डौं ।

बालबालिकाको अधिकारलाई सुदृढ पार्ने आधारहरु मध्ये एक बालकको जन्म दर्ता हुनु पनि हो । तर अझैसम्म पनि नेपालमा आधाभन्दा कम बालबालिकाहरुको मात्र जन्मदर्ता हुने गरेको पाइएको छ । जन्मदर्ता सम्बन्धी चेतनामा कमी, जन्मदर्ताको निम्ति पर्याप्त संरचनाको अभाव आदिका कारण पनि अधिकांश बालबालिका आफ्नो जन्मदर्ता गर्न पाउने अधिकारबाट वञ्चित हुने गरेका छन् । जन्मदर्ताको अभावमा बालबालिकाको विकासक्रमका विविध क्रियाकलापहरुमा प्रत्यक्ष असर परेका उदाहरणहरु पाइने गरिन्छ । बालबालिकाको विद्यालयमा भर्ना हुँदा, विद्यालय सर्दा पनि यसको अभावमा बालबालिकाहरुको भर्नामा ढिलाइ हुने गरेको छ भने, नागरिकता लिने सवालमा कतिपय बालबालिका जन्मदर्ता नभएकै कारण नागरिकताबाट समेत वञ्चित हुने गरेको पाइएको छ ।

यस सम्बन्धमा हाल आएर विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं सम्बन्धित सरकारी निकायहरुको सक्रियतामा देशभर जन्मदर्ता सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रमहरु चलाइएको छ । यस कार्यमा खासगरी स्थानीय विकास मन्त्रालय, प्लान नेपाल र युनिसेफको सक्रियता देखिएको छ । त्यसैले आजैदेखि बालबालिकाको जन्मदर्ता गरिनुपर्दछ ।

आदरणीय पाठकवर्ग बालअधिकार सम्बन्धी विविध बिषयबस्तुका बारेमा आफूलाई लागेका जिज्ञासा हामीलाई पठाउन सक्नुहुनेछ । हामी तपाईको जिज्ञासालाई मेटाउने कोशिष गर्नेछौं ।

प्रश्नको लागि हाम्रो ठेगाना :
बाल सरोकार, सिविन नेपाल
इमेलःcwinpublication@gmail.com

## सफलताको कथा

# बालअधिकार मञ्च बालबालिकाको दुःख, सुख बिसाउने चौतारी हो

– इन्द्रावती उप्रेती

म अध्ययन गर्ने विद्यालय आजाद माध्यामिक विद्यालय काभ्रेपलाञ्चोक, बनेपामा बालअधिकार मञ्च आज भन्दा आठ वर्ष अघि मात्र गठन भएको थियो । मेरो दाइ बालअधिकार मञ्चमा आबद्ध हुनु भएकोले मैले पनि उहाँबाट बटुलिएका बालबालिका सम्बन्धी पुस्तक पढ्ने गर्थे । यी पुस्तकबाट प्राप्त ज्ञान स्वरुप मलाई बालबालिका र बालअधिकारको बिषयमा सामान्य ज्ञान हुन थाल्यो ।

एक पटक विद्यालयमा भएको "बालबालिका शान्ति क्षेत्र हुन्" बिषयक कविता प्रतियोगितामा म प्रथम भएपछि मलाई यो बिषयमा अझ चाख लाग्न थालेको हो । सानैदेखि निडर र जिद्धी स्वभाव भएकोले म विद्यालयमा पनि आफूलाई लागेको कुरा स्पष्ट राख्थे । मेरो यही विशेषताले गर्दा र मेरो मञ्चप्रतिको विशेष झुकावले गर्दा म कक्षा ८ मा बालअधिकार मञ्चको सचिव पदमा निर्वाचित भई मञ्चभित्र प्रवेश गरेँ । बालअधिकार मञ्चले मेरो व्यक्तित्व विकासमा कायापलट ल्याउन सहायक सिद्ध भएको छ । यो मञ्च ठूलो व्यक्तिको निम्ति सामान्य देखिएता पनि बालबालिकाको दुःख सुख बिसाउने चौतारी र प्रतिभारुपी फूल फुलाउने बगैंचा हो । यो मञ्चमा आबद्ध भएपछि मैले एउटा मन्त्रलाई सधैं सम्झने गरेँ । अधिकार निगाहमा दिइने दान होइन, यो अस्तित्व जोगाउने माध्यम हो । यो मञ्चमा आबद्ध भएपछिको समयमा म आफनो कुरा अरु सामु राख्न सक्छु । मलाई आफनो अधिकारको राम्रो ज्ञान छ । अरुको सल्लाह, सुझाव वा गालीलाई सहज रुपमा लिने मेरो बानी बनिसकेको छ । यसरी मलाई सकारात्मक सोच र आत्मविश्वास दिलाउनमा यो मञ्चको योगदान अतुलनीय छ ।

आफनो समस्या अरुलाई व्यक्त गर्न भन्दा आफू सरहको मानिसलाई व्यक्त गर्न निकै सजिलो हुने अनुभव पनि मैले पाएँ बालअधिकार मञ्चमा लागेपछि । सबैका लागि शिक्षा अभियानमा

जनचेतना जगाउन घर दैलोमा जाँदा ती अशिक्षित आमाबाबुबाट पाएको गालीको तीतो अनुभव त म भलिभाँती बिर्सन सक्दिन । त्यस्तै एउटा घरमा घरेलु कामदारका रुपमा काम गर्ने साथीमाथि घरमालिकद्वारा गरिएको दुर्व्यवहारविरुद्ध हामी बालअधिकार मञ्चका पदाधिकारीहरुद्वारा सम्झाउँदा ती व्यक्तिले अबदेखि ती साथीलाई यस्तो दुर्व्यवहार नगर्ने प्रतिज्ञा सार्वजनिक रुपमै गरेको घटना मेरो दिमागमा अझैसम्म पनि ताजै छ। त्यसो त भाद्र ४ गते मनाइने बाल दिवसमा "मुमा बडामहारानीको गुनगान होइन बालबालिकालाई संरक्षण गर" भनेर उठाइएको नाराले हाम्रो विद्यालय हातामा ल्याएको रौनकको बयान यहाँ गर्न सम्भव छैन । यस्तै बालअधिकार मञ्चका हरेक क्रियाकलापले एउटा नयाँ आयाम थपेको म अहिलेपनि आभाष गर्छु।

बालअधिकार मञ्चमा आबद्ध बालबालिकाको आफनै स्वर्णीम संसार हुन्छ । यो मञ्चले एउटा बालक वा बालिकाको मात्र होइन । उसको समाज विद्यालय र परिवारको मानसिकतामा परिवर्तन ल्याउन सक्छ । यसैको एउटा उदाहरण भन्न रुचाउँछु म स्वयं आफूलाई । यो मञ्चमा आबद्ध भएपछि म आफैको माञ होइन मेरो साथीभाइ, परिवार र समाजलाई पनि बालबालिकाको सम्बन्धमा नयाँ सोच दिन म केहीं हदसम्म सफल ठान्दछु। र यस मानेमा म आफूलाई अत्यन्त भाग्यमानी समेत मान्दछु। हालको समयमा मेरो समाजका हरेक पढ्न सक्ने बालबालिकालाई आफनो अधिकारको पहिचान दिन म प्रयासरत छु। समाजका ठूलो व्यक्तिलाई पनि बालबालिकाको सम्बन्धमा नयाँ सोचको विकास गराउन म प्रयासरत छु। यो मञ्चमा आबद्ध भएपछि गाएको सफलताको गीतलाई म आफै गौरव गर्छु। सबै बालबालिकाले आफनो क्लब खोलेर समाजको विकासका लागि चुनौती खडा गर्न सकोस् भनी कामना गर्छु।

## भोगाइ

# सिविनमा नआएको भए बालश्रमिक हुन्थैं होला

सिविनमा नआएको भए सायद अहिले म कुनै ठाउँमा अन्य गरिब बालबालिका जस्तै बालमजदुरी गरेर बस्थे होला । यो भनाई वेथान गाविस रामेछाप स्थायी निवासी संगीता लामाको हो । घरको आर्थिक अवस्था एकदमै दयनीय भएको संगीता आफनो काकी मार्फत् सिविन आएको बताउँछिन्। उनी भन्छिन्–"सिविनमा आएर नै मलाई जीवनप्रति आशा जागेको हो। यहाँ आएरपछि नै मैले धेरै अवसर पाएको छु।"

१३ वर्षकी संगीता हाल कक्षा ७ मा ब्राइटर स्टार इङ्लिस बोर्डिङ स्कूलमा अध्ययनरत छिन् । निकै मिहिनेत गरी पढ्ने संगीता कक्षा प्रथम छात्रा हुन्। उनी गीत गाउँन, नाच्न, चित्रकला कोर्न र पियोनो बजाउन सिपालु छिन् । दिनहुँको निरन्तर प्रयासबाट आफुले सफलता हात पार्दै गरेको उनको भनाई छ । आफुलाई सबैभन्दा मनपर्ने बिषय साइन्स भएको बताउने संगिता भविष्यमा पैसा कमाउने नभइ सेवा भावको उदेश्यले डाक्टर बन्ने इच्छा व्यक्त गर्छिन्। उनको आमा हाल गलैंचा बुन्ने काम गर्नुहुन्छ भने यसअघि नै मृत्यु भइसकेको छ। हाल सिविन पस्थली गृह पनौतीमा बसी आफनो अध्ययनलाई अगाडि बढाइरहेकी संगीता अझैपनि नेपालका धेरै बालबालिकाले शिक्षाको उज्यालो घामबाट वञ्चित हुनु परेकोमा दुःख व्यक्त गर्छिन् । संगीताको सम्पूर्ण अभिभावकलाई आग्रह छ, थोरै सन्तान जन्माउनुहोस् । तर सबैलाई शिक्षाको उज्यालो घामबाट बञ्चित हुन नपरोस्। शिक्षा नै जीवनको आधार हो।

*सन्दर्भ :अन्तर्राष्ट्रिय बालअधिकार दिवस* (२० नोभेम्बर)

***'बालबालिकालाई ओझेलमा नपारियोस्: शान्ति प्रक्रियामा बालबालिकालाई पनि सम्बोधन गरियोस्"***

## बालअधिकार सम्बन्धी तालिम सम्पन्न

काठमाण्डौं/बास– सिविन नेपाल अन्तर्गत सामुदायिक कार्यक्रमले समुदायमा गठन गरिएका विभिन्न बालक्लब तथा समूहका प्रतिनिधिहरुलाई बालअधिकार सम्बन्धी ३ दिने तालिम कार्यक्रम आयोजना गर्‍यो ।

उक्त तालिममा बालअधिकारका आधारभूत सिद्धान्त, बालक्लब र यसको गठन विधि एवं सञ्चालन प्रक्रियाका बारेमा आवश्यक प्रशिक्षण प्रदान गरिएको थियो । उक्त तालिम कार्यक्रममा सुकुम्बासी बस्ती शान्तिनगर तथा मनहरामा गठन गरिएका विभिन्न बालक्लब तथा समूहका १५ जनाको सहभागिता रहेको थियो ।

यसैगरी सुकुम्बासी बस्ती शान्ति नगर, चाँदनी टोल, गैरीगाउँ तथा विजयनगरका अभिभावकहरुलाई पनि बालअधिकार सम्बन्धी एक दिने कार्यशाला आयोजना गरियो । बालअधिकार, बालक र बालिकामा विभेद तथा यसको असर, बालबालिकाको लागि शिक्षाको महत्वमा अभिभावकको भूमिकाका सम्बन्धमा छलफल गरिएको उक्त कार्यक्रममा समुदायका ९० जना अभिभावकहरुको सहभागिता रहेको थियो ।

## जीवनउपयोगी तालिम सम्पन्न

काठमाण्डौं/बास–सिविन–नेपालबाट विभिन्न सीपशिक्षा तालिम प्राप्त गरिरहेका नवयुवा तथा किशोरीहरुलाई जीवनउपयोगी सीप बिषयक तीनदिने प्रशिक्षण सम्पन्न भयो । उक्त प्रशिक्षणमा ३० जना नवयुवा तथा किशोरीहरुको सहभागिता रहेको थियो ।

## द्वन्द्व प्रभावित बालबालिकाको लागि कार्यक्रम

काठमाण्डौं/बास– सिविनको द्वन्द्व प्रभावित बालबालिकाको लागि कार्यक्रमद्वारा रुकुम, रोल्पा र सल्यानमा शिक्षा र स्वास्थ्यमा विगत २००३ देखि नियमित रुपमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रमबाट प्रत्येक जिल्लामा १०/१० वटा गा.वि.स. कार्यक्रम संचालित छन् । जसमा नमूना गा.वि.स.का रुपमा रुकुमका भलक्चा, छिवाङ, र पीउघा, रोल्पाका लिवाङ्, धवाङ र खुमेल र सल्यानका कजेरी, डाडाँगाउँ र छायाँछेत्रमा अन्तर्गत ६१ वटा बालविकास केन्द्र सञ्चालनका लागि ECD Kit Boxes प्रदान गरी कक्षा सञ्चालन भइरहेका छन् । त्यस्तै सोही गाविसका ६२ वटा विद्यालयमा Grade Teaching सञ्चालन र Kit Boxes प्रदान गरी विशेष र स्कूल जान नसक्ने तथा छोडेका बालबालिकाको लागि ४ वटा वैकपिक शिक्षा कार्यक्रम कक्षा सञ्चाल हुँदै अएको छ । सोही कार्यक्रमबाट रुकुममा ५ वटा र रोल्पामा ३ बटा बाल विकास केन्द्र तथा सल्यानमा ७ वटा विद्यालय पूर्ननिर्माण कार्य सम्पन्न गरिसकेको छ । यसै गरी २००६ मा रुकुमका १४ वटा, सल्यानका ६४ वटा र रोल्पाका ५५ वटा विद्यालयमा आवश्यक पूर्वाधारका लागि फर्निचर तथा भवन मर्मत कार्य सम्पन्न गरिसकेको छ । बालबालिकाको शैक्षिक सहायता अन्तर्गत रुकुममा ९ सय २८, रोल्पामा ७ सय ५२, सल्यानमा ८ सय ४९ बालबालिकालाई सहयोग गरेको छ ।

साथै सिविनले उक्त क्षेत्रका विद्यालयमा नियमित स्वास्थ्य परीक्षण, औषधि वितरण, द्वन्द्व प्रभावित बालबालिकालाई मनोसामाजिक सेवा, बालविकास केन्द्रका प्रतिनिधिहरुलाई प्राथमिक मनोसामाजिक तथा स्वास्थ्य तालिम समेत प्रदान गर्दै आइरहेको छ ।

## सिविनमा दशैं तिहार कार्यक्रम

काठमाण्डौ/बास- सिविनका विभिन्न गृहहरुमा बस्दै आएका र आफ्ना घर परिवार जान असमर्थ जोखिम परिस्थिति, द्वन्द्व प्रभावित, सडक, परित्यक्त, लागायत बालबालिकाहरुले दशैं तथा तिहारमा एकठाउँमा जम्मा भएर रमाईलोसँग मनाए। करिब ३ सय यस्ता बालबालिकालाई दशैको टिकाको दिन सिविनका अध्यक्ष गौरी प्रधानले बालबालिकाहरुलाई टिका लागाई दिनुभएको थियो। यसैगरी तिहारमा सिविन गृहमा रहेका बालिकाहरुले सिविनकै गृहहरुमा रहेका बालकहरुलाई टिका लर्गा दिदीभाइका आत्मीयता प्रकट गरेका थिए। उक्त कार्यक्रमले बालबालिकामा दशै तिहारप्रतिको महत्व र घर परिवारमा पुग्न नसकेता पनि सबैसँग मिलेर मनाउँन पाउँदा बालबालिकाहरुमा खुशी देखिएका थिए।

## सिविन-बैंगलोर अध्ययन भ्रमण

काठमाण्डौ/बास- सिविन-नेपालले कर्मचारीहरुको क्षमता विकासका निमित्त विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आइरहेको छ। यसै क्रममा यसवर्ष ३० अगष्ट देखि १४ सेप्टेम्बरसम्म भारतको बैंङ्गलोरमा भ्रमण सम्पन्न भयो। उक्त भ्रमणदलमा सिविनका विभिन्न विभागमा कार्यरत १५ जना कर्मचारीको सहभागिता थियो। उक्त भ्रमणमा बैङ्लोरमा बालबालिकाको लागि काम गर्ने ५ वटा संस्थामा भ्रमण भयो। भ्रमणले सहभागिमा उत्साह थपेको थियो। अन्तर्राष्ट्रिय रुपमा बालअधिकारको अभियानमा बाल संरक्षण र विकासका कार्यक्रमहरु कसरी सञ्लान भइरहेका छन र ठाउँका र भूगोलका आधारमा कार्यक्रम र बिषयको प्राथमिकतालाई नजिकबाट नियाल्न सफल भएको थियो उक्त भ्रमण कार्यक्रम। भ्रमणका क्रममा फोरुटका पूर्व महासचिव एवं हाल श्रीलंकका आवासीय प्रतिनिधिसँगको भेटले नयाँ अनुभव थपेको थियो। त्यस्तै, श्रीलंका, नेपाल र भारतका प्रतिनिधिहरुको एकै ठाउँमा जम्काभेट हुँदा समान सरोकारका बिषयहरुमा कार्य गर्नका लागि दक्षिण एसियाली मञ्चका निमित्त वातावरण तयार गर्न सकिने अनुभव रह्यो। यसको साथै भ्रमणका क्रममा विश्वव्यापीकरण के हो ? र यसका के कस्ता असरहरु हुन सक्तछन् ? भन्ने बारेमा समेत जानकारी प्राप्त भएको थियो दिनुपर्ने महसुस भएको छ।

***बालबालिका सम्बन्धी तथ्य***

## दलित समुदायका बालश्रमिक सम्बन्धी केही तथ्याङ्क

दलित बालबालिकाको अनुमानित संख्याः करिब १९ लाख (कूल बाल जनसंख्याको २० प्रतिशत)

१. प्लाष्टिक, फलाम बटुल्ने खाते काम) २१ प्रतिशत

दलितहरु पोखरामा ६१ प्रतिशत पाइएको छ भने क्रमशः बुटवल ३७ प्रतिशत, धरान २८ प्रतिशत भरतपुर १७, काठमाडौं उपत्यकामा ७ प्रतिशत पाइएको छ।

२. भरिया २१.५ प्रतिशत

(लामो दूरीमा काम गर्ने १८ प्रतिशत दलित समुदायका बालबालिकाको संलग्नता रहेको छ भने छोटो दूरीको भरियामा २३ प्रतिशत रहेको छ।

३. बालबालिकाको बेचबिखन १८ प्रतिशत

४. कोइला खानी ५२ प्रतिशत

(दाङ तथा रोल्पा जिल्लाका कोइला खानीमा गरिएको यस अध्ययनबाट दलित मध्ये पनि कामी जातिको बालबालिकाको संलग्नता बढी (४३ प्रतिशत) रहेको छ।

५. काठमाडौंका सडक बालबालिका १८ प्रतिशत

(काठमाडौंमा रहेका विभिन्न बालश्रमको पृष्ठभूमि भएका सडक बालबालिका कतिपयले आफ्नो थर ढाँट्ने गरेको पनि पाइएको छ ।)


६. काठमाडौंमा बसाइँ सरेका विभिन्न पेशाका बालश्रमिकहरु    ११ प्रतिशत

*श्रोत: सिविन सूचना तथा श्रोत केन्द्र*

## पुस्तक चर्चा :

# अँधेरोबाट उज्यालोतर्फ

नेपालका २६ लाख भन्दा बढी बालबालिका श्रम गर्न बाध्य छन् । श्रम गर्दा उनीहरुले आफनो बालापनसँगै भविष्य पनि गुमाउनु परिरहेको छ । उनीहरुको मुक्तिको लागि सबैतिरबाट आवाज उठेपनि गरिबी अशिक्षा एवं बालबालिकाबाट सस्तोमा धेरै काम लिन चाहने वर्गका कारण श्रमबाट मुक्त हुन सकेका छैनन् ।




यसै सन्दर्भमा विगत दुई दशकदेखि बालअधिकारका निम्ति क्रियाशील वरिष्ठ बालअधिकारकर्मी गौरी प्रधानले अँधेरोबाट उज्यालोतर्फ श्रोत पुस्तिका तयार गर्नुभएको छ । २ दर्जन भन्दा बढी पुस्तक लेखीससक्नु भएका लेखकको पछिल्लो कृतिका रुपमा प्रस्तुत श्रोत पुस्तिका बालश्रमशोषणविरुद्धको अभियानमा सार्थक शिक्षाको भूमिका सम्बन्धमा तयार पार्नुभएको छ । लेखकले बिषयवस्तुलाई सरल तरिकाले बुझाउन सरल भाषा त अपनाउनु भएकै छ । त्यसो त बिषयबस्तुलाई १० भागमा विभाजन गरी तालिम निर्देशिकाको रुपमा पनि पुस्तिकालाई तयार गरिएको छ । लेखकले पहिलो भागमा प्रशिक्षणको उद्देश्य, दोश्रो भागमा बालअधिकार, तेश्रो भागमा बालशोषण र दुर्व्यवहारहरु, चौथौ भागमा बालश्रम र बालबालिकाको वर्तमान अवस्था, पाँचौ भागमा निकृष्ट श्रम र बालबालिकाका भोगाइहरु, छैठौ भागमा बालश्रम शोषणका आधारभुत कारणहरु, सातौ भागमा बालश्रम शोषण अन्त्यको निम्ति भएका प्रयासहरु, आठौ भागमा शिक्षा र बालश्रम शोषण निर्मूलनको कुरा, नवौं भागमा सार्थक शिक्षाका माध्यमबाट बालश्रम शोषणको अन्त्य र दशौ भागमा बालश्रम शोषण न्यूनीकरणका लागि भएका राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रयासहरुलाई उल्लेख गरिएको छ ।

प्रस्तुत पुस्तकमा बालबालिकालाई हेर्ने हाम्रो सामाजिक दृष्टिकोण कस्तो छ, बालबालिकालाई कसरी बुझ्ने ? के निर्देशित शिक्षा असल कुरा हो ? सहभागिताको संस्कारलाई कसरी अगाडि बढाउन सकिन्छ ? र अब भविष्यमा कस्तो बाटो अपनाउन सकिन्छ ? भन्ने कुरालाई पनि विश्लेषण गरिएको छ । सिविन-नेपालद्वारा प्रकाशित सो पुस्तिका बालश्रमको क्षेत्रमा क्रियाशील व्यक्ति, निकाय वा संघसंस्थाहरुका लागि तालिम श्रोत पुस्तिकाको रुपमा प्रयोग गर्न सकिन्छ ।


प्रकाशक : CWIN सिविन-नेपाल, सम्पर्क ठेगाना: पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेल:cwinpublication@gmail.com

सल्लाहकार : गौरी प्रधान, सहयोगीहरु : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, भुमराज तिवारी, दीपेन्द्र पण्डित

सम्पादक : विमलकुमार थापा